अनुसूची-१०

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

सशस्त्र प्रहरी बल, नेपाल

नं. २५ गण हे.क्वा. चण्डिका, पर्वत

## जिन्सी मालसामानहरुको पूनः मुल्याङ्कन द्वारा मुल्याङ्कित न्युनतम मुल्यमा वार्ताद्वारा लिलाम बिक्रीको सूचना ।

सूचना नं. :- ०४ (०८१/८२)

प्रकाशित मितिः-२०८१।०७।०५ गते।

यस कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा पूनः मुल्याङ्कन गरी मुल्याङ्कित न्युनतम मुल्यमा बार्ताद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिन भित्र ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रही यस कार्यालयमा सम्पर्क गर्न आह्वान गरिन्छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको सम्पर्क नं. ९८५१२७२०७९ तथा जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

१. लिलाम बिक्री हुने जिन्सी मालसामानहरुको कायम न्युनतम मुल्य (मु.अ.कर बाहेक) रु.६०७१ अक्षरुपि (छ हजार एकहत्तर रुपैया) रहेको छ ।
२. ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिन मिति २०८१/०७/०८ गते कार्यालय समय भित्र जिन्सी सामान खरिद सम्बन्धी स्पष्ट रुपमा मुल्य खुल्ने गरी न्युनतम मुल्यमा नघटाई खामबन्दी निवेदन पेश गर्नु पर्ने छ ।
३. उल्लेखित समय भित्र रितपूर्वक पेश हुन आएका निबेदनहरु मिति २०८१/०७/०९ गते दिनको ११:०५ बजे निबेदकहरुको रोहवरमा यस कार्यालयमा खोलिने र सबैभन्दा बढी रकम कबोल गर्ने निबेदक लाई सोझै बार्ताद्वारा उल्लेखित जिन्सी सामानहरु लिलाम बिक्री गरिने हुँदा निबेदकहरु सो-समयमा अनिवार्य उपस्थित हुनुपर्ने छ ।
४. सकार कर्ताले जिन्सी सामान उठाई लैजानु भन्दा अगाडी कबोल रकमको १३ % (तेह प्रतिशत) मु.अ कर थप गरी जम्मा हुने रकम यस कार्यालयलाई बुझाउनु पर्ने छ ।